पावर हाउस छ घण्टा सञ्चालन हुनेछ भने

गोरखापत्र २०७६।१०।६, सोमबार

■ आईसीपी हस्तान्तरण आज

# दुवै देशका प्रमद्वारा संयुक्त उद्घाटन




रङ्गेली समाचारदाता

विराटनगर, माघ ५ गते। नेपाल र भारतको सीमा क्षेत्र विराटनगर-१८, बुधनगरमा निर्माण सम्पन्न एकीकृत जाँचचौकी (आईसीपी) मङ्गलबार हस्तान्तरण हुने भएको छ।

नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा भिडियो कन्फरेन्समार्फत आईसीपीको उद्घाटनपछि भारतले नेपाललाई हस्तान्तरण गर्ने कार्यक्रम तय भएको हो। नेपाल इन्टरमोडल ट्रान्सपोर्ट डेभलपमेन्ट बोर्डका डेपुटी निर्देशक हरिकृष्ण मिश्राका अनुसार प्रधानमन्त्रीले सिंहदरबारबाट भारतीय समकक्षी नरेन्द्र मोदीसँग संयुक्त रूपमा आईसीपीको स्वामित्व ग्रहण गर्ने कार्यक्रम राखिएको छ। आईसीपी हस्तान्तरणको सबै प्रक्रिया पूरा भइसकेकाले त्यसको कार्यक्रम तयारी व्यवस्थापन भइसकेको छ, डेपुटी निर्देशक मिश्राले भन्नुभयो, दुई देशका प्रधानमन्त्रीले भिडियो कन्फरेन्समार्फत सम्बोधन गर्नुहुनेछ। यसैगरी विराटनगर-१८, बुधनगर क्षेत्रमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रतिनिधि, भन्सारका प्रतिनिधि र भारतीय दूतावासका प्रतिनिधिसहितको उपस्थितिमा कार्यक्रम राखिएको छ।

नेपाल इन्टरमोडलले आईसीपीको स्वामित्व ग्रहण गरेपछि त्यसको सञ्चालन जिम्मेवारी भन्सार विभागले पाउने छ। निर्माण कम्पनीले परामर्शदाता कम्पनी राइटलाई हस्तान्तरण गरिसकेको छ। भारतीय कम्पनी दिनेशचन्द्र एन्ड आर. अग्रवाल इन्फ्राकन अहमवाद परियोजनाले आईसीपीको निर्माण गरेको हो।

सन् २०१७ मार्चदेखि सुरु भएको काम दुई वर्ष अवधिमा सक्नुपर्ने भए पनि वर्षात् र बाढीको कारण देखाउँदै ढिलो भएको थियो। सन् २०१९ को फेब्रुअरीमा हस्तान्तरण गर्ने गरी सम्झौता भए पनि त्यसको दस महिनापछि मात्र आईसीपीको काम सम्पन्न भएर हस्तान्तरण गर्न लागिएको हो।